☏ ०८७-५२००१०

# उच्च सरकारी वकील कार्यालय

जुम्ला

visit Nepal 2020

पत्र संख्या : ०७६/०७७
चलानी नं.: ०२

मिति : २०७६/०४/०१

विषय :- परीक्षण रिपोर्ट सम्वन्धमा ।

श्री जिल्ला सरकारी वकील कार्यालय,
जुम्ला, कालिकोट, मुगु, डोल्पा, हुम्ला ।

तहाँ कार्यालयको अभियोग पत्र दायर भएका अधिकांश मुद्दाहरूमा शव परिक्षण प्रतिवेदन (Autopsy Report ) यौन जन्य अपराध सम्वन्धि शारिरीक परिक्षण, घाउँ जाँच रिर्पोट लगायतका परिक्षण रिर्पोटहरूमा मेडिकल अधिकृतले हातले नै लेखेर रिपोर्ट दिने गरिएको देखिन्छ ।

यसरी दिईएका रिपोर्टहरूमा अनुमान पनि गर्न नसकिने किसिमले नबुझिने अक्षरहरू लेखिएको पाईन्छ । उल्लेखित रिपोर्टहरू सम्वन्धित विशेषज्ञले दिईएका आधिकारीक प्रमाणित महत्व राख्ने प्रमाणहरू हुन । मुद्दामा यी प्रमाणहरूको ठुलो महत्व रहन्छ । तर अधिकांश मुद्दाहरूमा यो रिर्पोटमा के लेखिएको छ यी रिर्पोटले अभियोगलाई के कसरी पृष्टी गर्दछ भन्ने सम्वन्धमा अनुसन्धान अधिकारीबाट पेश हुने अनुसन्धान प्रतिवेदनमा उल्लेख गरिएको पाईदैन। अभियोग पत्रको केशको व्यहोरा खण्डमा उल्लेखीत रिर्पोटको बारेमा लेखिएको पाईदैन भने अभियूक्तलाई लगाईएको अभियोग खण्डमा सो प्रमाणको विश्लेषण गरिएको समेत देखिदैन । यत्ति महत्वपूर्ण भौतिक एवं बैज्ञानिक प्रमाणको उल्लेख गर्न नै छुट्याएको देखिन्छ ।

तर्सथ मुद्दाको प्रभावकारी रूपमा अनुसन्धान र अभियोजन गर्न निम्न लेखिए बमोजिमको कार्यहरू गर्नु उपयूक्त देखिएको हुँदा सोही बमोजिम गर्नु हुन अनुरोध छ ।

क) प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि परिक्षण गर्नु पर्ने विषय वस्तुको एकिन गरी निर्देशन दिने ।

ख) प्रतिवादी पक्राउ परेको भए म्याद थप हुँदाका बखत परिक्षण रिर्पोट प्राप्त भए नभएको हेर्ने र परिक्षण रिर्पोट ल्याउन ताकेता गर्ने । प्रतिवादी पक्राउ नपरेको भए पनि सरकारी वकिलले चासो राखी परिक्षण रिर्पोट प्राप्त भए नभएको सम्वन्धमा बुझ्ने र परिक्षण रिर्पोट प्राप्त गर्न ताकेता गर्ने ।

ग) परिक्षण रिर्पोट प्राप्त भए पछि सो रिर्पोट मगाई सरकारी वकिलले हेर्ने सो रिर्पोटमा अक्षरहरू नबुझिने भएमा वा बुझिने भए पनि रिर्पोटको अर्थ नबुझिएमा अक्षरहरू स्पष्ट लेखि पठाउन र सो रिर्पोटको अर्थ सम्भव भए सम्म नेपालीमा खुलाई पठाउन सम्वन्धित अस्पतालमा पत्राचार गर्न भनि अनुसन्धान अधिकृतलाई निर्देशन दिने । मुद्दाको गाम्भीर्यतालाई विचार गरी सरकारी वकिल आफैले समेत सम्वन्धित चिकित्सक वा विशेषज्ञलाई भेटी सो रिर्पोटको सम्वन्धमा जानकारी लिने ।

घ) अनुसन्धान अधिकृतलाई आफ्नो अनुसन्धान प्रतिवेदनमा सो रिर्पोटको सम्वन्धमा उल्लेख गरेर मात्र अनुसन्धान प्रतिवेदन पठाउनको लागि लिखित वा मौखिक अनुरोध गर्ने ।

ङ) अभियोग पत्रको केश व्यहोरा खण्डमा सो परिक्षण रिर्पोटको सबै महत्वपूर्ण ब्यहोराहरू उल्लेख गर्ने र अभियोग खण्डमा समेत सो प्रमाणको विश्लेषण गरेर अभियोग पत्र तयार गर्ने ।

बोधार्थ तथा कार्यार्थ :
श्री जिल्ला प्रहरी कार्यालय,
जुम्ला, कालिकोट, मुगु, डोल्पा, हुम्ला ।

७६.३.३१

श्री पुण्य प्रसाद पाठक
नि.सह-न्यायाधिवक्ता
उच्च सरकारी वकील कार्यालय, जुम्ला